नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

फोन नं.:- ०६८-५२०२३३
फ्याक्स नं.:- ०६८-५२०१३३

## बागलुङ जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञा !

**कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणको लागि यस कार्यालयबाट विभिन्न मितिमा आदेश जारी हुँदै आएकोमा पछिल्ला दिनहरुमा संक्रमणको दर लाई समेत विश्लेषण गरी मिति २०७८।०४।२६ गते बसेको जिल्ला कोभिड व्यवस्थापन केन्द्र (DCMC) को वैठकको सिफारिसको आधार तथा संक्रामक रोग ऐन, २०२० को दफा २, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३), कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ एवम् मिति २०७८।०४।२६ गते बसेको जिल्ला सुरक्षा समितिको वैठकबाट निषेधाज्ञाको समयावधि थप गरी थप कडाई गर्ने निर्णयानुसार मिति २०७८।०४।२८ गते विहान ५.०० बजेदेखि मिति २०७८।०५।०५ गते रातको १२.०० बजेसम्म बागलुङ जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ।**

**देहाय**

**क. सञ्चालन गर्न पाइने सेवा तथा कार्यहरु:**

१. औषधी एवम् स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने।

२. खाद्यसामाग्री तथा पशुपंक्षीका दानाका पसल स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी आइतवार, बुधवार र शुक्रवार विहान १० बजेसम्म मात्र सञ्चालन गर्ने।

३. तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानीलगायतका अत्यावश्यक सेवाका पसलहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी विहान १० बजेसम्म मात्र सञ्चालन गर्ने।

४. त्रिभुवन विश्वविद्यालय, लोकसेवा आयोग, प्राविधिक तथा व्यवसायिक तालिम परिषद्बाट संचालन हुने पूर्व निर्धारित परिक्षाहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी संचालन गर्ने। परिक्षा तयारी तथा संचालनको लागि सहजीकरण गर्ने।

५. कोभिड-१९ को खोप कार्यक्रम स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी सञ्चालन गर्ने। खोप कार्यक्रम सञ्चालनको लागि सहजीकरण गर्ने।

**ख. सञ्चालन गर्न नपाइने सेवा तथा कार्यहरु:**

१. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार संचालन नगर्ने। मानिसहरु भेला हुन, जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा, महोत्सव गर्न नपाईने।

२. फेन्सी, हार्डवेयर, टेलरिङ, ब्युटीपार्लर, फुटपाथ, होटल, रेष्टुरेण्ट, चिया तथा खाजा पसलहरु लगायत हाललाई सञ्चालन नगर्ने।

३. बैंक तथा वित्तीय संस्थाहरु (सहकारी संस्थाहरु, बीमा कंपनी, मनि ट्रान्सफर समेत) सञ्चालन नगर्ने। अत्यावश्यक भएमा जिल्ला प्रशासन कार्यालयको समन्वयमा सेवा प्रदान गर्ने।

४. क्याम्पस, विद्यालय (होस्टेल समेत) लगायत सबै प्रकारका शैक्षिक संस्था, सिनेमा हल, पार्टी प्यालेस, पार्क, फुटसल, खेलकूदस्थल, जिमखाना, फिटनेश सेन्टर, सैलुन, ट्रेनिङ सेन्टर, तालिम तथा प्रशिक्षण केन्द्रहरु, घरदैलो गरी बिक्री गर्ने व्यवसाय, कवाडी संकलन लगायतका सेवा तथा स्थलहरु नखोल्ने तथा सञ्चालन नगर्ने नगराउने।

५. बैवाहिक कार्यक्रम तथा संस्कारजन्य कार्यक्रमहरु घरबाट मात्र सञ्चालन गर्ने (पार्टी प्यालेसबाट सञ्चालन गर्न नपाइने)। सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी एक पक्षबाट ७ जना भन्दा बढी व्यक्ति सहभागि हुन नपाइने। समूहगत रुपमा हुने भोज, रत्यौली, बाजागाजा लगायतका कार्यक्रमहरु नगर्ने।

२०७८।०४।२६
निमित्त प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बागलुङ

फोन नं.:- ०६८-५२०२३३
फ्याक्स नं.:- ०६८-५२०१३३

६. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरुमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी नित्य, पूजा, ध्यान र प्रार्थना मात्र गरी अन्य कार्य नगर्ने नगराउने।

७. अत्यावश्यक बाहेक सबै सरकारी तथा गैरसरकारी कार्यालयबाट प्रवाह हुने सेवा बन्द हुने।

**ग. सञ्चालन गर्न पाउने सवारी साधनहरु:**

१. एम्बुलेन्स, दमकल, शववाहन, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, बीउ बिजन, कृषि उपज, ग्याँस तथा पेट्रोलियम पदार्थ र निर्माण सामाग्री बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्यूटी जाने आउने प्रयोजनमा प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु।

२. बागलुङ सदरमुकामबाट विभिन्न स्थानीय तहमा खाद्यान्न तथा दाना ढुवानी गर्ने सवारी साधनहरु आइतवार, बुधवार र शुक्रवार मात्र सञ्चालन हुने। ढुवानीका सवारी साधनले ११.०० बजेभित्र बजार क्षेत्र छाडिसकेको हुनुपर्ने।

**घ. सञ्चालन गर्न नपाउने सवारी साधनहरु:**

१. सबै प्रकारका नीजि तथा सार्वजनिक सवारी साधन।

२. अन्य जिल्लाबाट यस जिल्ला भई निषेधाज्ञा लागु नभएका जिल्लामा जाने सवारी साधन यस जिल्लामा यात्रु चढाउने र ओराल्न नपाउने गरी सहजीकरण गरिने।

**ङ. अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने र हिड्डुल नगर्ने। अत्यावश्यक काम परि घर बाहिर हिडडुल गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा मास्कको उचित प्रयोग गर्नुपर्ने।**

**च. औषधी स्वास्थ्य सामाग्री, अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिमा अवरोध सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ।**

**छ. माथि उल्लेखित आदेशका पालना गर्नु गराउनु सबै व्यक्ति, संघसस्था, पेशाकर्मी, व्यवसाय तथा आम नागरिकको कर्तव्य हुनेछ।**

**उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन,२०२८, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ एवम् अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।**

२०७८।०४।२६

निमित्त प्रमुख जिल्ला अधिकारी